# पाँचखाल नगरपालिका


## स्थानीय राजपत्र

खण्डः ६ | जेठ १०, २०८० साल | संख्याः ४


भाग-२

## पाँचखाल नगरपालिको नगर प्रहरी व्यवस्थापन तथा संचालन कार्यविधि २०७९

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०१/०८**

पाँचखाल नगरपालिका क्षेत्रभित्र प्रचलित कानुन, नगरपालिकाको निती, नियम, मापदण्ड तथा समय समयमा हुने निर्णय कार्यान्वयनमा सहयोग र सहजीकरण गर्न, सार्वजनित तथा निजी सम्पत्तिको सुरक्षा र संरक्षण गरी नगरपालिकामा कानूनी शासनको स्थापित गर्दै नगरपालिकालाई न्याय र सुरक्षाको प्रत्याभुति गर्नको लागि प्रतिस्पर्धाको आधारमा सेवा करारमा नगर प्रहरीको नियुक्ति गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को देहाय (क) मा व्यवस्था भएका कार्यहरुमा सहयोग

पुर्‍याउनको लागि पाँचखाल नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "पाँचखाल नगरपालिकाको नगर प्रहरी व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि नगर राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ ।

**(२) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(१) "प्रमुख" भन्नाले पाँचखाल नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(२) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन सम्बन्धि ऐन, २०७४" सम्झनु पर्दछ ।

(३) "कार्यविधि" भन्नाले पाँचखाल नगरपालिकाको नगर प्रहरी व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ सम्झनु पर्दछ ।

(४) "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(५) "नगर प्रहरी" भन्नाले कार्यविधि बमोजिम सेवा करारमा नियुक्त भएका नगर प्रहरी लाई सम्झनु पर्दछ ।

(६) "समिति" भन्नाले दफा ६ (२) बमोजिमको पदपूर्ती समितिलाई सम्झनुपर्दछ ।

(७) "नगरपालिका" भन्नाले पाँचखाल नगरपालिकालाई बुझ्नुपर्दछ ।

## परिच्छेद-२

## नगर प्रहरीको गठन, रेखदेख र नियन्त्रण

३) **नगरपालिका र नगर प्रहरीको सम्बन्ध :** नगरपालिकाको प्रशासन शाखा अन्तर्गत रहने गरी नगरप्रहरी नियुक्त गरिनेछ । समस्त नगर प्रहरी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकृतको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछ। नगर प्रहरी नगर कार्यपालिकाको कार्यालय प्रति उत्तरदायी हुनुपर्नेछ।

४) **नगरपालिकामा रहने नगर प्रहरीको संख्या, पद र तह :**

(१) नगरपालिकामा रहने नगर प्रहरीहरुको दरबन्दी संख्या, पद, तह र सेवा सुविधा नगरसभाले स्वीकृत गरे बमोजिम हुनेछ।

## परिच्छेद-३

## नगर प्रहरीको काम, कर्तव्य र अधिकार

**(५) नगर प्रहरीका काम, कर्तव्य र अधिकारहरु :**

(क) स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा २ को खण्ड (क) (२) मा उल्लेखित काम, कर्तव्य र अधिकारहरुका अतिरिक्त नगर प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने र हटाउन नमानेमा आफै हटाईदिने । यसरी हटाउँदा खेरी लाग्ने खर्च र तोकिए बमोजिमको जरिवाना सम्बन्धित व्यक्तिबाट असूल उपर गर्ने ।

२) नगर क्षेत्र भित्र दैनिक उत्पादन हुने फोहोरमैला निर्धारित समय र स्थानमा राख्न लगाउने । सो बमोजिम नगर्नेलाई कानून बमोजिम कारवाही गर्ने ।

३) सार्वजनिक जग्गा, बाटो, मठ, मन्दिर, खोला नाला, ढल, चोक, पोखरी मिचि कसैले घर,कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग

गरेको पाइएमा हटाउने । कसैले निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत नगर प्रमुख समक्ष प्रतिवेदन पेश गरी प्रमुखको आदेश बमोजिम गर्ने ।

४) नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाणपत्र सहितको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रमुख समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए प्रमुखबाट भत्काउने आदेश दिएमा भत्काउने ।

५) छाडा पशु पन्छीहरु पक्राउ गरी आदेश बमोजिम व्यवस्थापन वा लिलाम गर्ने, गराउने ।

६) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ बिक्री वितरणमा रोक लगाउने । तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारक चिज वस्तु बिक्री गरेको पाइएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ नगर प्रमूख समक्ष पेश गर्ने ।

७) रोगी वा कानुनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्री वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ नगर प्रमूख समक्ष पेश गर्ने ।

८) छाडा कुकुर नियन्त्रण सम्बन्धि कारवाही गर्ने । मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

९) खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

१०) वडा समिति, टोल सुधार समिति तथा सामुदायिक प्रहरी सँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

११) नगर कार्यपालिका, समिति, उप समिति तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्णय, ऐन र कानून कार्यन्वयन गर्ने

१२) नगरको सुव्यवस्था कायम गर्ने, नगरपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने ।

१३) विना ईजाजत पसल,व्यवसाय,उद्योग वा कलकारखाना सञ्चालन गरेको फेला परेमा तिनिहरुको दर्ता र नवीकरण गर्न लगाउने । विना ईजाजत मादक पदार्थको विकी वितरण गर्ने पसलहरु छानविन गरी तोकिए बमोजिम कारवाही गर्ने । साथै मादक पदार्थ सेवन गरी होहल्ला गर्ने व्यक्ति र पसलहरुलाई कारवाही गर्ने ।

१४) पाँचखालनगर क्षेत्रमा निषेधित भित्ते लेखन, व्यानर, विज्ञापन, प्रचार प्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिबन्ध लगाउने । अटेर गर्नेलाई कारवाहीका लागि सिफरिस गर्ने ।

१५) विना ईजाजत व्यानर, होर्डिङ्ग बोर्ड लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाइएमा पक्राउ गरी ईजाजत लिन लगाउने_नमानेमा कारवाहीका लागि सिफरिस गर्ने ।

१६) नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, भेला आदि जस्ता कार्यक्रमहरुमा नगरपालिकाको तर्फबाट तोकिए बमोजिम जिम्मेवारी निर्वाह गर्ने ।

१७) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने ।

१८) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज पार्लर जस्ता व्यवसायीक गतिविधिहरुको निरीक्षण गर्ने र मापदण्ड अनुरुप नचलेको पाइएमा कारवाहीको लागि पेश गर्ने । अवैध मदिराको बिक्री तथा वितरण र त्यसको सेवन गरेको पाइएमा नगरपालिकामा जानकारी गराउने ।

१९) नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जुवातास, पोटा, क्यारम बोर्ड, मादक पदार्थ सेवन तथा धुमपान सेवन

लगायतका विकृति जन्य क्रियाकलापमा रोक लगाउने तर जादु र सर्कस देखाउन नगरपालिकाको अनुमति लिए नलिएको जाँच गर्ने ।

२०) व्यवसायीहरुले सडक क्षेत्र ओगटेर राखेका सामानहरु हटाउन लगाउने, हटाउन नमानेमा त्यस्ता सामानहरु जफत गरी पेश गर्ने । नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्थापन गर्ने ।

२१) अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो अथवा ध्वनी उत्पादन/प्रशारण लगायत अन्य उपकरण प्रयोग गर्न नदिने । सहर वा बजारमा ध्वनी, धुवाँ, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

२२) बजार क्षेत्रमा तीव्र गतीमा सवारी साधानहरु चल्न नदिने ।

२३) नगरपालिका क्षेत्र भित्रका नीजि सुरक्षा गार्ड आपूर्ती व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी लगत राख्ने र निजहरुको अनुगमन गर्ने ।

२४) दमकल सेवालाई २४ सै घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त सेवा प्रदान गर्ने कार्यमा सहयोग पुऱ्याउने ।

२५) विपद, महामारी भएमा उद्धार तथा राहतका लागि आदेश बमोजिम तुरुन्त खटि जाने ।

२६) नगरपालिका भित्रका शाखा, योजना, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

२७) पाँचखाल नगरपालिकाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

२८) माथि तोकिए बमोजिमका कार्यहरुमा समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

२९) नगरपालिकाले तोकिए बमोजिमाका अन्य कार्यहरु गर्ने र गराउने ।

(ख) नगर प्रहरी सहायक निरीक्षकले नगर प्रहरी जवानहरुलाई आदेश बमोजिम खटन-पटन कार्यमा सहयोग गर्नु, नगरपालिकाको आदेशहरु कार्यान्वयन गर्नुका अलावा माथि दफा ५( क) मा उल्लेखित काम, कर्तव्य र अधिकारहरु पालना गर्नु पर्नेछ भने नगर प्रहरी जवानहरुले नगर प्रहरी सहायक निरीक्षकको नेतृत्वलाई स्वीकार्नु र सहयोग गर्नुका अलावा माथि दफा ५(क) मा उल्लेखित काम, कर्तव्य र अधिकारहरु पालना गर्नुपर्नेछ ।

# परिच्छेद - ४

## आचरण

१६. दान, उपहार तथा चन्दा लिन नहुनेः (१) नगर प्रहरीले पूर्व स्वीकृति विना स्वेदशी तथा विदेशी संघ संस्था, निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुँदैन ।

(२) नगर प्रहरी कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुँदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

१७. सम्पत्तीको विवरण पेश गर्नुपर्नेः नगर प्रहरी कर्मचारीले प्रत्येक पटक नियुक्ति भएको मितिले एक महिना भित्र तोकिएको ढाँचामा सम्पत्ती विवरण दाखिला गर्नु पर्नेछ ।

१८. व्यापार व्यवसाय गर्न नहुनेः नगर प्रहरी कर्मचारीले कार्यालयको पूर्व स्वीकृति वेगर कुनै पनि व्यापार व्यवसाय गर्नु हुँदैन ।

१९. कर्तव्य पालनाको सिलसिलामा जानकारीमा आएका कुराहरु प्रकाशन गर्न नहुनेः नगर प्रहरी कर्मचारीले नगरपालिकाद्वारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा नगरपालिका वा गैरसरकारी संघ संस्थाबाट प्राप्त गरेका वा आफैंले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट यस नियमावली बमोजिमको अधिकार प्राप्त व्यक्ति बाहेक अन्य व्यक्ति वा संस्थालाई जानकारी गराउनु हुँदैन ।

२०. रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुनेः (१) नगर प्रहरी कर्मचारीले नगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन । तर त्यस्तो प्रकाशन  वा प्रशारण गर्न हुँदैन । तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृति लिइरहनु पर्दैन ।

२१. नगरपालिकाको आलोचनाः नगर प्रहरी कर्मचारीले नगरपालिकाको नीतिको विपरीत अथवा नगरपालिकामा आँच आउने गरी विचार व्यक्ति गर्ने संवाद, लेख, रचना प्रकाशन गर्नु हुँदैन ।

२२. निर्वाचनमा भाग लिन नहुनेः नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा मत माग्न वा कुनै प्रकारले प्रभावमा पार्न हुँदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

२३. राजनीतिमा भाग लिन नहुनेः नगर प्रहरी कर्मचारीले कुनै राजनीतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई सहयोग गर्न हुँदैन ।

२४. समय पालन र नियमितताः नगर प्रहरी कर्मचारीले ठीक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र स्वीकृत गराएर मात्र विदामा बस्नुपर्नेछ ।

२५. अनुशासन र आज्ञापालनः (१) नगर प्रहरी कर्मचारीले अनुशासित भई तत्परताका साथ आफ्नो कर्तव्य पालना गर्नुपर्नेछ ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृत र प्रमुख प्रशासकीय अधिकृतलले दिएको आदेशलाई पालना गर्नुपर्नेछ ।

(३) नगर प्रहरी कर्मचारीले एकात्मक आदेश (Chain of Command) मा रही कार्यसम्पादन गर्नुपर्नेछ ।

२६. बाहिरी प्रभावमा पार्न नहुनेः नगर प्रहरी कर्मचारीले कार्यसम्पादनको सिलसिलामा कुनै अनुचित प्रभाव पार्न वा पार्ने प्रयत्न गर्न हुँदैन ।

२७. विवाहः नगर प्रहरी कर्मचारीले प्रचलित नेपाल कानून विपरीत हुने कुनै कार्य गर्नु/गराउनु हुँदैन ।

२८. लैङ्गीक संवेदनशील हुनुपर्नेः कुनै पनि नगर प्रहरी कर्मचारी लैङ्गीक संवेदनशील रहनु पर्नेछ ।

२९. हातपात वा जोरजुलुम गर्न नहुनेः कुनै पनि नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिल्लो वा मातहत नगर प्रहरी कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन हुँदैन ।

## परिच्छेद - ५

## सजाय र पुनरावलोकन

३०. सजायः मनासिव माफिकको आधार प्रमाण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय हुन सक्नेछः

(क) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने,

(ख) नसिहत दिने

(ग) तलब वृद्धि वा पदोन्नति रोक्का गर्ने,

(घ) लापरवाहीको कारण नगरपालिकालाई हानि नोक्सानी भएको ठहर भएमा विगो बमोजिमको रकम असुल उपर गरिनेछ,

(ङ) एक तह तलको पदमा घटुवा गर्ने,

(च) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

३१. नसिहत दिने वा प्रतिकूल राय लेख्नेः नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सकिनेछ । दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

३२. तलब वृद्धि वा पदोन्नति रोक्नेः नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय दिने अधिकारीले निजको तलब वा पदोन्नति रोक्क ागर्न सक्नेछ ।

३३. दर्ता र तलब घटाउनेः कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय दिने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र नगरपालिकालाई हानि नोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

(क) सन्तोषजनक काम नगरेमा

(ख) अनुशासनहीन व्यवहार प्रदर्शन गरेमा

(ग) आचरण उल्लंघन गरेमा

(घ) मनासिब कारण नभई नियुक्ति भएको एक वर्षभित्रै नोकरीबाट अलग हुन झुठ्ठा कारण देखाएमा

(ङ) आदेश निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा

(च) मनासिब कारण नभई वा विदा स्वीकृत नगराई विदा बसेकोमा वा गैर हाजिर भएमा

(छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

३४. सजाय सम्बन्धी कार्यविधिः (१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयं वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ । जाँचबुझ गर्ने अधिकारीले आवश्यकता अनुसार सम्बन्धित नगर प्रहरी कर्मचारी समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुत प्रमाण दाखिला गर्नुपर्ने

(३) कुनै फोजदारी अभियोगमा पुर्पक्षको लागि थुनामा रहेको नगर प्रहरी कर्मचारी पुर्पक्षको अवधिभर स्वतः निलम्वित हुनेछ ।

(४) सजायको प्रक्रिया अवलम्बन गर्नु पूर्व नगर प्रहरी कर्मचारीलाई सफाइको मौका दिनु पर्नेछ ।

(५) फौजदारी अभियोग लागेको नगर प्रहरी कर्मचारीले अभियोगबाट सफाई पाएमा निजले पूर्ववतः सेवा सुविधा पाउने छ ।

३५. सजायको आदेश जाँचबुझको लागि दिनेः काम समाप्त भएपछि सम्बन्धित नगर प्रहरी कर्मचारीलाई निजसँग स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा नजिले दिएको स्पष्टीकरण चित्त

बुझ्दो नभएमा सजाय दिने अधिकारीले सजाय दिन सक्नेछ र सजाय आदेशको एक प्रति निजलाई उपलब्ध गराउनुपर्नेछ ।

## परिच्छेद-६

## पदपूर्ती र योग्यता

६. **पद श्रृजना तथा दरवन्दी खारेज** : (१) नगरपालिकामा रहने नगर प्रहरी कर्मचारीको पद श्रृजना तथा दरबन्दी खारेज देहाय बमोजिम हुनेछः

(क) नगर प्रहरीको विभिन्न तहका दरवन्दीहरुको श्रृजना तथा खारेजी नगर कार्यपालिकाले निर्णय गरे वमोजिम हुनेछ ।

(ख) दरबन्दी श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नुभन्दा अघि सो पद सिर्जना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरवन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने/नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी कार्यालय प्रमुखले नगर प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(ग) आवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरी प्रचलित कानून बमोजिम निश्चित समयका लागि संस्थागत सेवा करार मार्फत नगर प्रहरीको सेवा लिन सक्नेछ ।

(घ) नगर प्रहरी पद स्थायी हुने छैन ।

(२) नगर प्रहरीको पदपूर्तीका लागि देहाय बमोजिमको पदपूर्ती समिति रहनेछ ।

१) अध्यक्ष-प्रमूख प्रशासकीय अधिकृत

२) सदस्य :- जिल्ला/इलाका प्रहरी कार्यालयबाट अधिकृत स्तरको प्रतिनिधि ३) सदस्य सचिव :- प्रशासन शाखा हेर्ने अधिकृत स्तरको कर्मचारी नोट -: समितिले आवश्यकता अनुसार विज्ञ, कर्मचारीलाई आमन्त्रण एवं परिचालन गर्न सकिनेछ ।

३) पदपूर्ती गर्दा परिक्षाको माध्यम देहाय बमोजिम हुनेछ ।

(क) शारीरिक परीक्षण : शारीरिक परीक्षणको लागि दफा ७ को उपदफा १ को (ङ),(च),(छ) (ज) तथा उपदफा २ को ङ),(च),(छ) (ज) र उपदफा ३ को (ङ),(च),(छ) (ज) लाई आधार मानिनेछ । शारीरिक परीक्षणको लागि कुनै अंक प्रदान गरिनेछैन तर आधारहरु सबैमा भने उत्तीर्ण भएको हुनुपर्छ । शारीरिक परीक्षण उत्तीर्ण गरेपश्चात मात्र देहाय बमोजिम मूल्याकंन गरी उम्मेदवारहरुलाई लखित परीक्षामा समावेश गरिनेछ ।

(अ) शैक्षिक योग्यताको लागि माथिल्लो योग्यतालाई प्राथमिकता दिईनेछ ।

(आ) स्थानीय बासिन्दाको लागि पूर्णाङ्क १० रहनेछ । पाँचखालनगरपालिकाको बासिन्दा भएमा १० (दश) अंक, सम्बन्धित जिल्लाको बासिन्दा भएमा ५ अंक र अन्यको भएमा शून्य अंक प्रदान गरिनेछ ।

(इ) पूर्व नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल भई कम्तिमा ५(पाँच) वर्ष सेवा गरेकोलाई १० अंक प्रदान गरिनेछ । पूर्व नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले सम्बन्धित निकायबाट तोकिएको सेवा गरेको अनुभव पत्र दरखास्त सँगै बुझाउनु पर्नेछ ।

(ख) लिखित परीक्षा : लिखित परीक्षाको लागि पदपूर्ती समितिले ५० पूर्णाङ्कको पाठ्यक्रम निर्धारण गरेर वस्तुगत प्रश्नपत्र तयार गरी लिखित परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

(ग) अन्तरवार्ता : अन्तरवार्ताको लागि पूर्णाङ्क ३० ( तिस) रहनेछ । यस अनुसार अंक प्रदान गर्दा

न्युनतम १२ (बाह्र) र अधिकतम २१ (एक्काइस) अंकको सीमाभित्र रही प्रदान गर्नुपर्नेछ ।

(४) समितिले एक जना अध्यक्ष र सम्बन्धित विषयको विज्ञ समेत रहने गरी कम्तीमा ३ सदस्य रहेको अन्तरवार्ता समिति गठन गर्नुपर्नेछ ।

(५) पदपूर्ती समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) परिक्षाको लागि पाठ्यक्रम निर्धारण तथा प्रश्नपत्र तयार, विज्ञापन, सञ्चालन तथा नतिजा प्रकाशन गर्ने ।

(ख) दरखास्त फाराम उपर छानविन गर्ने ।

(ग) छनौटका लागि कार्यतालिका बनाउने ।

(घ) योग्यताक्रम सूची तयार गर्ने ।

(ब) नियुक्तिका लागि सिफारिस गर्ने ।

७ योग्यता :

(१) नगर प्रहरी सहायक निरीक्षक पदको लागि निम्न लिखित योग्यता भएका नेपाली नागरिकले दरखास्त दिन सक्नेछन्

(क) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटिमा २३ वर्ष पुगेको र ४५ वर्ष ननाघेको,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ङ) पूरुषको लागि घटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाई भएको ।

(च) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(छ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(झ) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

(२) नगर प्रहरी हवल्दार पदको लागि निम्न लिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन् :

(क) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटिमा २१ वर्ष पुगेको र ४५ वर्ष ननाघेको,

(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा एस.ई.ई. उत्तीर्ण गरेको,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) कुनै राजनीतिक को दलको सदस्य नरहेको,

(ङ) पूरुषको लागि घटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाई भएको ।

(च) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(छ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(झ) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

(३) नगर प्रहरी जवान पदको लागि निम्न लिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन् :

(क) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटिमा १८ वर्ष पुगेको र ४५ वर्ष ननाघेको,

(ख) साधारण लेखपढ गर्न सक्ने,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) कुनै राजनीतिक को दलको सदस्य नरहेको,

(ङ) पूरुषको लागि घटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाई भएको ।

(च) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(छ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको । -

झ) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

## परिच्छेद-५

## विज्ञापन, दरखास्त, नतिजा, सिफारिस तथा नियुक्ति सम्बन्धि व्यवस्था

८) विज्ञापन सम्बन्धी व्यवस्था : समितिले नगर प्रहरी पदपुर्तीको लागि विज्ञापन गर्नुपर्दा अनुसूचि-१ बमोजिमको ढाँचामा तयार गरी नगरपालिकाको स्थानिय दैनिक पत्रिका, सूचना पाटी, वेभसाइट वा अन्य कुनै सार्वजनिक स्थलमा १५ (पन्ध्र) दिनको म्याद सहितको सूचना प्रकाशन गर्नुपर्नेछ ।

९) दरखास्त फाराम र प्रवेश पत्र सम्बन्धी व्यवस्था : प्रकाशित विज्ञापन बमोजिम उम्मेदवारहरुले अनुसूचि-२ बमोजिमको दरखास्त फाराम भरी कार्यालयमा बुभाउनु पर्दछ । दरखास्त फाराम भर्ने उम्मेदवार समावेशी समूह तर्फको भए कुन समूहको हो सो जनाई फाराम भर्नुपर्नेछ । खुल्ला र समावेशी तर्फ दुवैमा दरखास्त फाराम भर्न चाहने उम्मेदवारले भने छुट्टा छुट्टै फाराम भर्नुपर्नेछ । पदपूर्ती समितिले विज्ञापनमा निर्धारण गरेको दस्तुर सहित विज्ञापनमा उल्लेख भएको म्याद भित्र उम्मेदवारले दरखास्त फाराम बुझाउनु पर्नेछ । दरखास्त फाराम भरिसके पछि उम्मेदवारले अनुसूची-३ बमोजिमको प्रवेश पत्र पाउनेछन ।

१०) नतिजा प्रकाशन र सूचिकृत गर्नुपर्ने : समितिले योग्यताक्रम निर्धारण गरि सोही बमोजिम सूचिकृत समेत गरि नगर प्रहरी कर्मचारी छनौट भएको नतिजा स्थानिय दैनिक पत्रिका, नगरपालिकाको सूचना पाटी, वेभसाइट वा अन्य कुनै सार्वजनिक स्थलमा प्रकाशन गर्नुपर्नेछ । यसरी नतिजा प्रकाशन र

सूचिकृत गर्दा वैकल्पिक उम्मेदवार सहित विज्ञापनमा माग गरिएको पद संख्याको दोब्बर संख्यामा गर्नुपर्नेछ ।

११) सिफारिस तथा नियुक्ति : दफा १० बमोजिमको कार्य सम्पन्न भए पश्चात् पदपूर्ती समितिले नियुक्तिको लागि कार्यपालिका समक्ष सिफारिस गर्नुपर्नेछ । सिफारिस भई आएका नगर प्रहरीलाई नगर कार्यपालिकाले सेवा करारमा नियुक्त गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिइनेछ ।

## परिच्छेद-६
## करार सम्बन्धि व्यवस्था

**१२) करार गर्ने :**

(१) नगरपालिकाले छनौट भई सूचिकृत गरेका मुख्य उम्मेदवारलाई १५ (पन्ध्र) दिनको म्याद दिई करार गर्न सूचना दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधी भित्र करार सम्झौता गर्न आउने सूचिकृत उम्मेदवारसँग कार्यालयले अनुसूची-४ बमोजिमको ढाँचामा करार गर्नुपर्नेछ । उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम करार गरे पश्चात अनुसूची-५ बमोजिको पत्र कार्यालयले नगर प्रहरी कर्मचारीलाई दिनुपर्नेछ ।

(४) यस कार्यविधि बमोजिम करार गर्दा सामान्यतया आर्थिक वर्षको श्रावण १ (एक) देखि अर्को वर्षको असार मसान्त सम्मका लागि मात्र करार गर्नु पर्नेछ । तर उक्त पदले गर्नुपर्ने काम समाप्त भएमा वा पर्याप्त नभएमा वा कार्यप्रारम्भ नै नभएको अवस्थामा स्थानीय तहले कामको बोझ र अवधी हेरी करारको अवधी घटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम एक आर्थिक वर्षको निम्ति सेवा करारमा लिएको व्यक्तिलाई पुनः अर्को वर्षको लागि सेवा करारमा लिनु परेमा पुनः परिक्षण, छनौट र शुरू करार सरह मानि सम्झौता गरिनेछ । वा नगरकार्यपालिकाको निर्णय अनुसार सम्झौताको म्याद थप गर्न सकिनेछ ।

(६) नगर प्रहरी कर्मचारीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अगाडी कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराई करार अन्त गरी काम छोडेमा त्यस्तो व्यक्तिलाई पुनः करारमा काम गर्ने अवसर दिईने छैन ।

(७) यस दफा विपरीतको अवधि उल्लेख गरी वा करारमा उल्लेख भए भन्दा बढी रकम भुक्तानी दिएमा त्यसरी अवधि उल्लेख गर्ने वा रकम भुक्तानी गर्ने कर्मचारीको तलव भत्ताबाट कट्टा गरी असूल उपर गरिनेछ र विभागीय कारवाही समेत गरिनेछ ।

**१३) कार्य शर्त, पारिश्रमिक र अवधि :**

(१) यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएका नगर प्रहरी कर्मचारीको मासिक पारिश्रमिक करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(२) कार्यालयले स्थलगत वा वस्तुगत प्रतिवेदनका आधारमा कार्य सम्पादन अनुसार करार सम्झौतामा उल्लेख भए बमोजिम भ्रमण भत्ता वा फिल्ड भत्ता उपलब्ध गराउन सक्नेछ ।

(३) कार्यालयले करारका नगर प्रहरी कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा निजले महिनाभरी गरेको कामको विवरण सहितको प्रतिवेदन तयार गर्न लगाई सम्बन्धित शाखाको सिफारिशको आधारमा मात्र भुक्तानी गर्नुपर्नेछ ।

(४) यस कार्यविधि बमोजिम नगर प्रहरी कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ती हुनका लागि दाबी गर्न पाउँने छैन ।

(५) उपदफा (१) बमोजिम करार गर्दा काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नुपर्नेछ । तर त्यस्तो करारको अवधी एक पटकमा १ (एक) वर्ष भन्दा बढी हुने छैन ।

१४) करार समाप्ती :

(१) करार सम्झौता गरिएको नगर प्रहरी कर्मचारीको कार्य सन्तोषजनक नभएको भनि कार्यरत कार्यालयले सिफारिश गरेमा नगर प्रमुखले आवश्यक छानविन गर्न लगाई सफाईको मौका दिई कार्यालयले जुनसुकै अवस्थामा करारबाट हटाउन सकिनेछ ।

# परिच्छेद-७

# विविध

१५) नगर प्रहरीको सेवा र सुविधा : नगर प्रहरीको चाड पर्व खर्च, पोशाक खर्च लगायत अन्य सेवा र सुविधाका विषयमा नगर कार्यपालिकाले निर्णय गरी तोके बमोजिम हुनेछ ।

१६) विदा : नगर प्रहरीको विदा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । अन्य विदाको विषयमा भने कार्यपालिकाले निर्णय गरी तोके बमोजिम हुनेछ ।

१७) पोशाक : नगर प्रहरीले डिउटी समयमा लगाउने पोशाक अनुसूचि-६ बमोजिम हुनेछ । डिउटी समयमा त्यस्तो पोशाक अनिवार्य रुपमा लगाउनु नगर प्रहरीको कर्तव्य हुनेछ ।

१८) डिउटी अवधि : नगर प्रहरीको डिउटी अवधि तोकिएको बिदा बाहेक अन्य समयको हकमा २४ घण्टा नै रहनेछ।

१९. **कार्यविधीमा संशोधनः** यस कार्यविधी कार्यान्वयन गर्ने क्रममा कुनै दफा वा सोको कुनै उपदफा थप गर्न, हटाउन वा संशोधन गर्नुपर्ने भएमा आवश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ । त्यस्तो संशोसन स्थानिय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

अनुसूची - १

(दफा ८ सँग सम्बन्धित विज्ञापनको ढाँचा)

पाँचखाल नगरपालिका

बागमती प्रदेश, नेपाल

नगर प्रहरी सेवा करारमा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : ................)

पाँचखाल नगरपालिकाको प्रशासन शाखा अन्तरगत रहनेगरी देहायको पद, संख्या र योग्यता भएको नगर प्रहरी कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र दिन भित्र कार्यालय समयमा राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट बाट उपलब्ध हुनेछ

१) योग्यता

(क) नगर प्रहरी सहायक निरीक्षकको लागि:

(अ) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटिमा २३ वर्ष पुगेको र ४५ वर्ष ननाघेको,

(आ) मान्यता प्राप्त विश्वविद्यालयबाट प्रविणता वा सो सरह उत्तीर्ण गरेको,

(इ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(ई) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको,

(उ) पूरुषको लागि घटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाई भएको।

(ऊ) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(ऋ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(ए) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(ऐ) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

(ख) नगर प्रहरी हवल्दारको लागिः

(अ) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटिमा २१ वर्ष पुगेको र ४५ वर्ष ननाघेको,

(आ) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा एस.ई.ई. उत्तीर्ण गरेको,

(इ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(ई) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको,

(उ) पूरुषको लागि घटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाई भएको।

(ऊ) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(ऋ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(ए) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(ऐ) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

(ग) नगर प्रहरी जवानको लागिः

(अ) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटिमा १८ वर्ष पुगेको र ४५ वर्ष ननाघेको,

(आ) साधारण लेखपढ गर्न सक्ने,

(इ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(ई) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको,

(उ) पूरुषको लागि घटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाई भएको।

(ऊ) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(ऋ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(ए) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(ऐ) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

२)	दरखास्तमा संलग्न गर्नुपर्ने: उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यता ( लब्धाङ्क र चारित्रिक) को प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ। पूर्व नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले सम्बन्धित निकायबाट सेवा गरेको अनुभव पत्र दरखास्त सँगै बुझाउनु पर्नेछ।

३)	परीक्षाको किसिम : शारीरिक परीक्षण, लिखित र अन्तरवार्ता।

४)	परीक्षा केन्द्र : नगरपालिकाले तोकेबमोजिम हुनेछ।

५)	दरखास्त दस्तुर : पदपूर्ती समितिले निर्धारण गरे बमोजिम।

६)	तलब स्केल : नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

७)	नगरपालिकाको स्थानीय उम्मेद्वारलाई पहिलो प्राथमिकता दिईनेछ।

# अनुसूची-२

(दफा ९ सँग सम्बन्धित दरखास्त फारामको ढाँचा)

पाँचखाल नगरपालिका
बागमती प्रदेश, नेपाल

करारको लागि दरखास्त फाराम (क) व्यक्तिगत विवरण

<table>
<tr><td rowspan="2">नाम, थर</td><td colspan="5">(देवनगरीमा)</td></tr>
<tr><td colspan="5">(अंग्रेजी ठुलो अक्षरमा)</td></tr>
<tr><td>ना.प्र.नं :</td><td colspan="2">जारी गर्ने जिल्ला :</td><td colspan="2">मिति :</td><td>लिङ्ग :</td></tr>
<tr><td colspan="3">जन्म मिति :(वि.स.) ,(ई.सं.)</td><td colspan="3">हालको उमेर : वर्ष महिना</td></tr>
<tr><td rowspan="2">स्थायी ठेगाना:</td><td>क) जिल्ला :</td><td colspan="3">ख) न.पा./गा.पा. :</td><td>वडा नं :</td></tr>
<tr><td>घ) टोल :</td><td colspan="2">ङ) मार्ग/घर नं :</td><td colspan="2">च) फोन नं :</td></tr>
<tr><td colspan="4">पत्राचार गर्ने ठेगाना :</td><td colspan="2">इमेल :</td></tr>
<tr><td colspan="2">बाबुको नाम, थर :</td><td colspan="4">बाजेको नाम,थर :</td></tr>
</table>

(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

<table>
<tr><td>आवश्यक न्यूनतम योग्यता</td><td>विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था</td><td>शैक्षिक उपाधि/तालिम</td><td>सङ्काय</td><td>श्रेणी/प्रतिशत</td><td>मूल विषय</td></tr>
<tr><td rowspan="2">शैक्षिक योग्यता</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>तालिम</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

(ग) अनुभव सम्बन्धी विवरण

| कार्यालय | पद | सेवा/समुह/उपसमुह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पुर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फाराममा पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मञ्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेदवारेको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखत : |
|---|---|---|
| दायाँ | बाँया | |
| | | मिति :- |

| |
|---|
| कार्यालयले भर्ने |
| रसिद/भौचर नं. : \| रोल नं. : |
| दरखास्त अस्वीकृत भए सो को कारण : |

| दरखास्त रुजु गर्नेको नाम, थर :<br>पद :<br>दस्तखत :<br>मिति : | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको<br>नाम, थर :<br>पद :<br>दस्तखत :<br>मिति : |
|---|---|

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

अनुसूची- ३

(दफा ९ सँग सम्बन्धित प्रवेश पत्रको ढाँचा)

# पाँचखाल नगरपालिका

## पाँचखाल, काभ्रे बागमती प्रदेश, नेपाल

# नगर प्रहरी परीक्षा प्रवेशपत्र

नगर प्रहरी पदको खुल्ला प्रतियोगितात्मक परीक्षाको लागि

१. विज्ञापन मितिः-

२. विज्ञापन नः-

३. दर्ता. नः-

४. नाम, थर र ठेगानाः

५. उमेरः-

६. श्रेणी, तहः-

७. उम्मेदवारको दस्तखत नमूनाः-

भर्ना छनोट शाखाका सम्बन्धित कर्मचारीले भर्नेः-

यस कार्यालयबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिदिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनसक्नेछ।

परीक्षा केन्द्रः

रोल. नं.

अनुसूची -४

(दफा १२ (२) सँग सम्बन्धित करार सम्झौताको ढाँचा)

# पाँचखाल नगरपालिका

## पाँचखाल, काभ्रे

## बागमती प्रदेश, नेपाल

# करार सम्झौता

पाँचखाल नगर कार्यपालिकको कार्यालय (यसपछि पहिलो पक्ष भनिएको) र ……………जिल्ला,………………नगरपालिका/गाउँपालिका, वडा नं………बस्ने श्री……………………………………यसपछि दोश्रो पक्ष भनिएको का बीच चौतारा साँगाचोकगढी नगरपालिकाको नगर प्रहरी को कामकाज गर्न गराउन मिति २०७…।……।…..को निर्णय अनुसार देहायका कार्य र शर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं :

१) कामकाज सम्बन्धमा : दोस्रो पक्षले आफूलाई तोकिएको संलग्न कार्य जिम्मेवारी अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ ।

२) काम गर्नुपर्ने स्थान : पाँचखालनगरपालिका भौगोलिक क्षेत्रभित्र ।

३) करारमा काम गरे बापत पाँउने पारिश्रमिक तथा सेवा सुविधा :प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु…………………(अक्षरेपी रु……………………………………………) पारिश्रमिक उपलब्ध गराउनेछ । सेवा सुविधाको हकमा भने नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

४) आचरणको पालना : दोश्रो पक्षले पाँचखालनगरपालिकाको प्रचलित कानूनमा ब्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५) विदा:सेवा करारमा नियुक्त नगर प्रहरीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन । कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ । साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ। अन्य विदाको हकमा भने कार्यपालिकाले तोके बमोजिम हुनु पर्नेछ ।

६) कार्यालय सम्पत्तिको सुरक्षाः दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७) गोप्यताः दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई

करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखि कानून बमोजिम कारवाही गरिनेछ ।

८) करार अवधिःयो करार २०७....।.....।.....देखि लागू भई २०७....असार मसान्त सम्मको लागि हुनेछ ।

९) कार्यसम्पादन मूल्यांकनः पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा १० बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

११) पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न वाधा पर्ने छैन । दोश्रो पक्षले शारिरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा पहिलो पक्षले करार संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

१२) दावी नपुग्नेः दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दाबी गर्न पाँउने छैन र गर्ने छैन ।

१३) प्रचलित कानून लागू हुनेः यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

पाँचखाल नगरपालिकाको तर्फबाट

नाम : पद :

ठेगाना :

मिति :

हस्ताक्षरः

दोस्रो पक्ष (करार गर्ने व्यक्ति) :

नाम : पद :

ठेगाना :

मिति :

हस्ताक्षरः

कार्यालयको छाप :

अनुसूची-५
(दफा १२ (३) सँग सम्बन्धित पत्रको ढाँचा)

# पाँचखाल नगरपालिका

## पाँचखाल, काभ्रे

## बागमती प्रदेश, नेपाल

च.नं. मिति :

प.सं.

विषय : करार सम्बन्धमा ।

श्री................................, ....................................।

तपाईलाई मिति २०७....।.....। निर्णयानुसार सूचिकरण गरिए बमोजिम ............. ............... (पदको नाम वा काम) का लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति २०७.....।......।..... देखि २०७....।.......।.....सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफ्नो काम इमान्दारीपूर्वक र व्यावसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराइन्छ । साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस पाँचखालनगरपालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता र आचरणको समेत परिपालना गर्नुहुन जानकारी गराईन्छ ।

........................

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री आर्थिक प्रशासन शाखाः प्रमाणित हाजिर र Time Sheet सहितको प्रतिवेदनका आधारमा
सम्झौता बमोजिमको रकम मासिक रूपमा उपलब्ध गराउनुहुन ।

श्री प्रशासन शाखाः हाजिरीको व्यवस्था गर्न हुन ।

श्री वडा कार्यालय,.......................................पाँचखाल नगर कार्यपालिकको कार्यालय ।

अनुसूची - ६

(दफा १७ सँग सम्बन्धित पोशाक विवरण)

# पाँचखाल नगरपालिका

## पाँचखाल, काभ्रे
## बागमती प्रदेश, नेपाल

| क्र.स | विवरण | रंग | संख्या | खपत अवधि |
|---|---|---|---|---|
| १ | टेरिकटन सर्ट र पाइन्ट | हल्का कफी | २ | १ वर्ष |
| २ | ब्यारेट क्याप | | १ | २वर्ष |
| ३ | सिठ्ठी र सिठ्ठी कर्ड | | १ | १ वर्ष |
| ४ | बेभ बेद्य्ट | | १ | २ वर्ष |
| ५ | बुट | कालो | १ जोर | १ वर्ष |
| ६ | कुम ब्याज | पित्तलको अक्षरमा नगर प्रहरी लेखिएको | १जोर | ५ वर्ष |
| ७ | टोपी व्याज | | १ | ५ वर्ष |
| ८ | बर्सादी | | १ | ३ वर्ष |
| ९ | मोजा | | २ जोर | १ वर्ष |
| १० | स्विटर | | १ | ३ वर्ष |
| ११ | ज्याकेट | | १ | ३ वर्ष |

आज्ञाले

सुर्य प्रसाद गौतम

प्रमुख प्रशासकीय अधिकृत